मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

वागमती प्रदेश, नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८

च.नं 3269

प.सं ०८१/०८२

मितिः २०८२/०१/३०

ने.सं. ११४५ बछलागा १, मंगलवार

## नदीजन्य पदार्थ (ढुंगा गिट्टी वालुवा माटो) को कर शुल्क सम्बन्धी सार्वजनिक सूचना।

नदीजन्य पदार्थ उत्खनन संकलन र बिक्री वितरणका लागि मन्थली नगरपालिकाले नगर क्षेत्रभित्रका खोला नदीहरुमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराई प्रतिवेदन तयार गरी प्रतिवेदनमा उल्लेखित क्षेत्र र परिमाणको आधारमा चालू आ.व. २०८१/८२ मा ठेक्का बन्दोवस्त गरी ठेक्का सकार गर्ने फर्म मार्फत उत्खनन संकलन र बिक्री वितरणको कार्य भईरहेको व्यहोरा सबैमा विदितै छ । नगर क्षेत्रभित्र र वाहिर सञ्चालित आयोजनाहरु तथा नदीजन्य पदार्थ आवश्यक हुने व्यक्ति, आयोजना, निर्माण व्यवसायी, उपभोक्ता समिति लगायतका सम्बद्ध पक्षले नगर क्षेत्रभित्रको नदीजन्य पदार्थको प्रयोग गर्नु पर्दा *प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयबाट जारी ढुंगा, गिट्टी, वालुवा बिक्री तथा व्यवस्थापन (पहिलो संशोधन) मापदण्ड २०७९* र वागमती प्रदेश सरकारबाट जारी नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ मा उल्लेखित देहाय बमोजिमको कानुनी प्रक्रिया अवलम्वन गरी नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) खरिद, बिक्री, ओसार पसार र उपयोग गर्न हुन अनुरोध गरिन्छ ।

१. आफ्नो वातावरणीय परीक्षण प्रतिवेदन भएको आयोजनाको हकमा प्रतिवेदनमा तोकिएको क्षेत्रमा मात्र उत्खनन र संकलन गरी नगरपालिकामा राजस्व बुझाई अनुमति लिएर मात्र प्रयोग गर्न, नगरपालिकाको वातावरणीय परीक्षण प्रतिवेदन भएको क्षेत्रको प्रयोग गर्नु पर्नेमा नदीजन्य पदार्थको ठेक्का सकार गर्ने ठेकेदारलाई राजस्व बुझाएर प्रयोग गर्न र सम्बन्धित आयोजना निर्माण गर्दा निस्केको नदीजन्य पदार्थको नगरपालिकालाई राजस्व बुझाई नगरपालिकाबाट अनुमति लिएर मात्र प्रयोग गर्न हुन ।
२. अप्रशोधित नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले ढुवानी अवधीभर नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा तथा प्रशोधित नदीजन्य पदार्थ ढुवानी गराउने सवारी साधनले विल विजक साथमा लिएर मात्र नदीजन्य पदार्थ ओसार पसार गर्न हुन ।
३. सडक निर्माण र विस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुंगा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परिमाणको आधारमा लाग्ने बिक्री मूल्य वरावरको रकम पालिकामा बुझाएर मात्र उपयोग गर्न हुन ।
४. निजी जग्गाबाट ढुंगा, गिट्टी, वालुवा वा माटो उत्खनन गरी बिक्री गर्दा तोकिएको राजस्व तिरी स्थानीय तहबाट अनुमति लिएर मात्र उत्खनन संकलन र बिक्री गर्नु हुन ।

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

वागमती प्रदेश, नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८

च.नं

प.सं ०८१/०८२

मितिः २०८२/०१/३०

ने.सं. ११४५ बछलागा १, मंगलवार

५. नेपाल सरकार वा प्रदेश सरकारबाट सञ्चालित आयोजनाहरुले नदीजन्य पदार्थको प्रयोग गर्दा अनिवार्य रुपमा नदीजन्य पदार्थको मूल्य र कर तिर्नु पर्ने कानूनी व्यवस्था रहेको हुँदा सो कानूनी व्यवस्थाको कार्यान्वयनका लागि सहजिकरण गरिदिन आयोजना सञ्चालन गर्ने सम्बन्धित कार्यालयलाई समेत अनुरोध गरिन्छ ।

मन्थली नगरपालिका